# सान्जेन जलविद्युत कम्पनी लिमिटेड
# महाराजगंज,काठमाडौं ।

बिक्रम सम्बत २०७४ साल पौष ०९ गते शुक्रबारका दिन
सान्जेन जलबिद्युत कम्पनी लिमिटेडको
केन्द्रीय कार्यालय महाराजगंज, काठमाडौंमा सम्पन्न भएको

## सातौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका ।

१. <u>पृष्ठभूमि</u>

सान्जेन जलविद्युत कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभा मिति २०७४ ०९ ०७ गते तदनुसार डिसेम्वर २२, २०१७ मा कम्पनीको केन्द्रीय कार्यालय महाराजगंज, काठमाडौंमा सम्पन्न भयो । कम्पनीका कम्पनी सचिवले संचालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै सवैलाई सातौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो । साधारण सभाको अध्यक्षता कम्पनीको संचालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । अध्यक्ष्यज्यूको प्रस्तुति पश्चात उक्त प्रतिवेदन उपर छलफलका लागि आग्रह गरिएकोमा सेयरधनीहरुले आफ्ना जिज्ञासाहरु साथै केही सुझाव समेत राख्नु भएको थियो । शेयरधनीहरुले राख्नु भएका जिज्ञासाका सम्वन्धमा अध्यक्ष्यज्यूले प्रष्ट्याएपछि साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल तथा निर्णय भएको थियो । साधारण सभा अपरान्ह दिनको ३:०० बजे शुरु भई निर्धारित विषय सूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी साँझ ५:३० बजे सम्पन्न भयो ।

(क) **सभाको सूचना तथा प्रकाशन :**

कम्पनीको सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०७४ मंसिर १४ गतेको नागरीक राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै सभाको सूचना, विषय सूची, वार्षिक प्रतिवेदन र २०७४ असार ३१ गतेको वासलात र आ.व. २०७३/७४ को नाफा (नोक्सान) हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचीहरु कम्पनीमा उपलब्ध गराइएको शेयरधनीहरुको ठेगानामा पठाईएको थियो ।

(ख) उपस्थिति :

(१) <u>संचालकहरुको उपस्थिति :</u>

| | |
|---|---|
| १. श्री मनोज सिल्वाल | अध्यक्ष |
| २. श्री लोकहरी लुईटेल | संचालक |

३. श्री पर्सादो तामाङ संचालक

४. श्री दामोदर भक्त श्रेष्ठ संचालक

५. श्री नारायण प्रसाद आचार्य संचालक

६. श्री राजाराम श्रेष्ठ संचालक

(२) **कम्पनी रजिष्ट्रारको कार्यालयको प्रतिनिधि तथा लेखापरीक्षकको उपस्थिति :**

श्री लेखापरीक्षकको प्रतिनिधि श्री महेश गुरागाँई

(३) **शेयरधनीहरुको तर्फबाट उपस्थिति :**

१. श्री श्रीराज बज्राचार्य चिलिमे जलविद्युत कम्पनी लिमिटेड ।

२. श्री कृष्ण बहादुर खड्का नेपाल विद्युत प्राधिकरण ।

३. श्री राजेन्द्र देव पाण्डे जिल्ला समन्वय समिति (तत्कालिन जि.वि.स. रसुवा) ।

४. श्री सीता अधिकारी कालिका गाउँपालिका (तत्कालिन लहरेपौवा/धैबुङ्ग/राम्चे/भोर्ले गा.वि.स.)।

५. श्री बुचुङ तामाङ्ग पार्वतीकुण्ड गाउँपालिका (तत्कालिन हाकु/गत्लाङ्ग/चिलिमे/गोल्जुङ्ग गा.वि.स)

(४) **पदाधिकारीहरु :**

१. किरण कुमार श्रेष्ठ प्रमुख कार्यकारी अधिकृत

२. सुशान्त बास्तोला कम्पनी सचिव

३. गणेश के.सी. आयोजना प्रमुख सान्जेन(४२.५ मे.वा.)

४. सुधन सिंह महत आयोजना प्रमुख सान्जेन (१४.८ मे.वा.)

५. प्रजेश विक्रम थापा सि. कन्ट्रयाक्ट ईन्जिनियर

(ग) **सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :**

साधारण सभामा निम्न बमोजिम साधारण तथा विशेष प्रस्तावहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए :

**साधारण प्रस्तावः**

१.संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आर्थिक वर्ष २०७३ ०७४ को वार्षिक प्रतिवेदनको प्रस्तुति ।

२. लेखापरीक्षण प्रतिवेदन सहित २०७४ साल आषाढ ३१ गतेको वासलात र आर्थिक वर्ष २०७३ ०७४ को नाफा/नोक्सान हिसाब तथा नगद-प्रवाह विवरणमा छलफल गरी पारित गर्ने ।

३. आर्थिक वर्ष २०७४ ०७५ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण ।

४.शेयर निष्काशन सम्बन्धमा ।

**बिषेश प्रस्ताव :**

क. शेयर संरचना परिवर्तन सहित प्रबन्धपत्र संसोधन ।

ख. कम्पनीको रजिष्टर्ड कार्यालय रहेको ठेगाना परिवर्तन गर्ने ।

५. विविध ।

(घ) **सभाको वैधानिकता :**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ मा भएको प्रावधान अनुसार साधारण सभा गर्न उक्त ऐन तथा कम्पनीको नियमावली बमोजिम निर्दिष्ट गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा सभा संचालन गर्ने निर्णय भयो । यस बार्षिक सााधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराइएको थियो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

(ङ.) **सभा संचालन तथा प्रस्ताव उपर छलफल :**

विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो । तत् पश्चात अध्यक्षज्यूले संचालक समितिका तर्फबाट आ.व. २०७३/७४ को बार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट बार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०७३/७४ को आर्थिक विवरणमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएको थियो ।

**शेयरधनीहरुबाट प्राप्त राय, प्रतिकृया तथा सुझाव :**

**१. स्थानिय विकास अधिकारी, श्री राजेन्द्र देव पाण्डे :**

श्री राजेन्द्र देव पाण्डेले सर्वप्रथम सभामा उपस्थित सबैलाई धन्यवाद दिनु भयो । उहाँले स्थानिय रसुवा निवासीको लागि १०% शेयर बाँडफाँडको व्यवस्था रहेकोमा तँहाबाट संचालक समितिमा प्रतिनिधित्व गराउने व्यवस्था के कस्तो रहेको सो बारे स्पष्ट पार्न अनुरोध गर्नु भयो ।

## २. चिलिमे जलबिद्युत कम्पनीको तर्फबाट श्री श्रीराज बज्राचार्य :

श्री बज्राचार्यले हालको आयोजनाको प्रगति तथा आयोजना सम्पन्न हुने अवधि तथा कम्पनीले शेयर निष्काशन गर्ने प्रयोजनकोलागि ICRA Nepal बाट प्राप्त रेटिङ्ग "४+" रहेकोमा उक्त रेटीङले कम्पनीको के-कस्तो अवस्था बुझाउने र यसले असर पार्न सक्ने अवस्थाका सम्वन्धमा जिज्ञासा राख्नु भएको थियो ।

## ३. नेपाल बिद्युत प्राधिकरणको तर्फबाट श्री कृष्ण बहादुर खड्का

श्री खड्काले कम्पनीले अपनाएको लेखा प्रणाली सम्बन्धमा नीतिगत तथा प्रकृयागत कुराहरु स्पष्ट पार्दै बिभिन्न लेखा नीतिहरु तयार गर्नु पर्ने, Corporate Social Responsibility (CSR) अन्तर्गत गरिने खर्चहरुमा सम्बन्धित क्षेत्रका बासिन्दाहरुलाई रोजगार मुलक तालिम तथा बिकास (Training & Development) जस्ता कार्यक्रमहरु मार्फत लागु गर्न सके आयोजना सम्पन्न भए पश्चात पनि तालिम प्राप्त कर्मचारीहरुलाई काममा लगाउन सकिने अवस्था हुने हुंदा यस सम्वन्धमा कम्पनीले बजेट तथा कार्यक्रम तयार गर्नुका साथै सो सम्बन्धमा स्पष्ट नीति अख्तियार गर्न उपयुक्त हुने भनी सुझाव दिनु भएको थियो । साथै आ.व. २०७३/७४ मा देखिएको नगद प्रवाह स्थिति तथा व्यवस्थापन सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो ।

## ४. पार्वतीकुण्ड गाँउपालिका तर्फबाट प्रतिनिधि श्री बुचुङ तामाङ्ग

कम्पनीले हाल सम्म गरेको Corporate Social Responsibility (CSR) कार्यक्रम संचालन तथा नीति सम्वन्धमा के कसरी कार्य भएको सो सम्वन्धमा स्पष्ट गरी दिन जिज्ञासा राख्नु भएको थियो । उक्त कार्यक्रम संचालन गर्दा आयोजनको प्रभावित क्षेत्रका सबैलाई समेट्ने गरी समान रुपमा कार्यक्रम गर्नु पर्ने सुझाव दिनु भएको थियो ।

## ५. कालिका गाँउपालिका तर्फबाट प्रतिनिधि श्री सीता अधिकारी

कम्पनीले शेयर जारी गर्ने योजना अनुरुप रसुवाका स्थानिय जनताका लागि के-कसरी शेयर निष्काशन तथा बाँडफाँड गरिने हो र हाल जारी हुने शेयरको बारेमा समेत जानकारी माग गर्नु भएको थियो । साथै स्थानिय जनताको लागि छुट्याइएको शेयरको बाँडफाँड गर्दा विगतमा चिलिमे जलविद्युत कम्पनीले अवलम्वन गरेको प्रकृया अपनाउनु उपयुक्त हुने सुझाव समेत प्रस्तुत गर्नु भएको थियो ।

## २. संचालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूले दिनु भएको जवाफ :

सान्जेन (माथिल्लो) तथा सान्जेन जलबिद्युत आयोजना सम्पन्न हुने अवधि सम्वन्धमा आयोजनाको संसोधित RCOD मिति २०७५ माघ १ रहेको र सोहि अवधि सम्म आयोजना सम्पन्न गरिने लक्ष्यका साथ निर्माण कार्य संचालन भई रहेको तर उक्त आयोजनाबाट उत्पादन हुने बिद्युत प्रशारण गर्न आवश्यक पर्ने चिलिमे हब देखि त्रिशुली ३ बी सम्मको प्रशारण लाईन यथासमयमा सम्पन्न हुन नसक्ने देखिएकोले तत्कालकोलागि हालको Existing चिलिमे जलविद्युत केन्द्रको ६६ के.भि. प्रसारण लाइनबाट Partial Power

Evacuation गर्न सकिने संभावन देखिएको, तत्काल थाम्बुचेत -स्याफ्रुवेंसी लाइन निर्माण सम्पन्न गरी Contingency Plan अन्तरगत Power Evacuation गर्ने तयारी रहेको जानकारी गराउनु भयो ।

सान्जेन जलविद्युत आयोजनाको हकमा भने निर्धारित समय भन्दा केही समय बढी लाग्ने देखिएको जानकारी दिनु भयो । यसका विभिन्न कारणहरु मध्ये नेपाल विद्युत प्राधिकरणको दायित्वमा पर्ने चिलिमे-त्रिशुली २२० के.भि. प्रसारण लाइन निर्माण कार्यको ढिलाई पनि एक कारण रहेको साथै उक्त प्रसारणलाइन निर्माण हुँदाको अवधिमा यस सान्जेन जलविद्युत आयोजना समेत सम्पन्न भई सक्ने जानकारी दिनु भयो ।

शेयर निष्काशन सम्बन्धमा आयोजना क्षेत्र लगायत स्थानिय जनताको बढी भन्दा बढी सहभागिता गराई शेयर बाँडफाँडको ब्यवस्था मिलाइने पनि जानकारी दिनु भयो CSR कार्यक्रम अन्तरगत आयोजनाबाट अति प्रभावितलाई विषेश ग्राहता दिने तथा सो सम्वन्धमा जि.स.स. तथा गाउँपालिका संग समन्यव गरिने पनि जानकारी गराउनु भयो ।

लेखा नीति तथा CSR कार्यक्रम सम्बन्धमा प्राप्त सुझाव उपयुक्त रहेकोले सो सुझावलाई कार्यान्यवनमा लान व्यवस्थापनलाई निर्देशन दिनुका साथै शेयरधनीहरुवाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिइने पनि जानकारी गराउनु भयो ।

कम्पनीले निष्काशन गर्ने शेयरको लागि ICRA Rating गराउदा "ICRA NP IPO Grade ४+" प्राप्त गरेको र सो रेटीङ्ग कम्पनीको पुर्ण रुपमा रेटीङ्ग नभई कम्पनीले प्रथम चरणमा निष्काशन गर्न लागेको ८७,६०,००० कित्ता शेयरको IPO Grading रहेको । उक्त रेटिङले कम्पनीले निष्काशन गर्ने IPO Below Average Fundamentals रहेको ।

कम्पनीको प्रवन्धपत्र नियमावलीमा ब्यवस्था बमोजिम स्थानिय रसुवावासीको लागि १०% शेयर बाँडफाँडको व्यवस्था रहेकोमा तँहाबाट संचालक समितिमा प्रतिनिधित्व गराउने सम्बन्धमा कम्पनीले सम्पूर्ण शेयर निष्काशन तथा बिक्री गरे पश्चात शेयरको अनुपातमा निर्वाचन प्रकृयाबाट संचालक समितिमा प्रतिनिधित्व गर्न पाउने भनि स्पष्ट पार्नु भयो ।

## २. <u>निर्णयहरु :</u>

शेयरधनीबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा अध्यक्ष श्री मनोज सिल्वालज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनी सचिबले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो ।

१। साधारण सभा समक्ष प्रस्तुत भएको आ.व. २०७३/०७४ को संचालक समितिको बार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई अध्यक्षज्यूबाट शेयरधनीहरुको जिज्ञासामा स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त बार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्व सम्मतिबाट पारित गर्ने निर्णय भयो ।

२। लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको लेखापरीक्षीत आ.व. २०७३/०७४ को आर्थिक विवरणहरु (२०७४ साल आषाढ ३१ गतेको वासलात र आ.व. २०७३/०७४ को नगद प्रवाह विवरण र अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरु पारित गर्ने निर्णय भयो ।

३। कम्पनीको आ.व. २०७४।७५ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने प्रस्ताव सम्वन्धमा छलफल हुँदा लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम चार्टर्ड एकाउण्टेण्ट श्री प्रतिक खनाललाई नियुक्ति गर्ने र लेखापरीक्षण शुल्क बापत गत आ.व.२०७३।७४ मा दिइएको लेखा परिक्षण को शुल्क मु.अ.क.बाहेक रु १,२०,०००/- (एक लाख बीस हजार) मा १०% बृद्धि गरी मु.अ.क. बाहेक रु १,३२,०००/- (एक लाख बत्तीस हजार) मात्र दिने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४। यस कंपनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था रहेको सेयर संरचना अनुसारको शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने प्रकृयाको लागि मिति २०७३।१०।०२ मा श्री नागरिक लगानी कोषलाई बिक्री प्रवन्धक नियुक्त गरिएको छ । उक्त शेयर निष्काशनका लागि पहिलो चरणमा कर्मचारी संचय कोषमा रकम सञ्चय गर्ने संचयकर्ता कर्मचारीहरुलाई १९.५% ले हुने ७१,१७,५०० कित्ता, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुलाई ३.५% ले हुने १२,७७,५०० कित्ता र ऋणदाता संस्थाका कर्मचारीलाई १% ले हुने ३,६५,००० कित्ता समेत जम्मा ८७ लाख ६० हजार कित्ता शेयर निष्काशन गर्ने र दोश्रो चरणमा आयोजना प्रभावित रसुवा जिल्लाका वासिन्दालाई १०% ले हुने ३६,५०,००० कित्ता र तेश्रो चरणमा सर्वसाधारण समुहकोलागि १५% ले हुने ५४,७५,००० कित्ता शेयर चालु आ.व. २०७४/७५ भित्र जारी गर्ने सम्वन्धमा संचालक समितिले गरेको निर्णय गरी सोही बमोजिम शेयर निश्कासन तथा बिक्री गर्न लागिएकोले यसरी गर्न लागिएको सेयर निश्कासन कार्यको अनुमोदन तथा स्विकृतिको लागि पेश भएको प्रस्ताव गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मति बाटले पारित भयो ।

५ यस कम्पनीको प्रबन्ध पत्रको दफा ६ मा भएको व्यवस्था अनुसार रसुवा जिल्लाका तत्कालिन जि.वि.स. र तत्कालिन गा.वि.स.बाट ३% शेयर लगानी बापतको रकम रु. १०,९५,००,००० - बुझाउनु पर्ने व्यवस्था रहेकामा उक्त संस्थाहरुबाट शेयर लगानी बापत रु ४,६७,१२,१०० - मात्र प्राप्त भई उक्त शेयर बापतको रकम पुर्ण रुपमा चुक्ता नभएकोले उक्त संस्थाहरुका नाममा चुक्ता रकम बराबरको मात्र शेयर कायम राखी बाँकी हुन आउने ६२७८७९ कित्ता शेयर प्रति कित्ता रु १००।- को दरले हुने रकम रु ६,२७,८७,९००/- कम्पनी ऐन,२०६३ तथा कम्पनीको प्रवन्ध पत्रमा भएको व्यवस्था बमोजिम संस्थापक शेयरधनी श्री चिलिमे जलविद्युत कम्पनी र श्री नेपाल विद्युत प्राधिकरणलाई पुर्व सेयर लगानी ३८:१० को अनुपातमा शेयर बाँडफाँड गरी संस्थापक समुह तर्फको कुल चुक्ता पूँजी रु १,८६,१५,००,०००/- कायम गरिएको हुँदा कम्पनीको प्रवन्धपत्र को दफा ६(ङ)(१) समुह "क" मा रहेको साविकको व्यवस्थामा संशोधन गरी उपरोक्त बमोजिम सेयर संरचना कायम गर्न आवश्यक भएकोले सोही अनुसार कम्पनीका प्रवन्धपत्रमा संसोधनका लागि प्रस्ताव गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो । स्वीकृत भएको प्रबन्धपत्रमा संशोधन अनुसूचि १ मा संलग्न छ ।

६: यस कम्पनीको रजिष्टर्ड कार्यालय लाजिम्पाट काठमाण्डौं रही आएकोमा कम्पनीले आफ्नो कार्यालय सार्नु पर्ने अवस्था परी हाल कम्पनीको प्रशासनिक एवं आर्थिक लगायतका सबै कारोबारहरु काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३, महाराजगंज स्थित कार्यालयबाट संचालन भइरहेकोले कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा समेत कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना सोही अनुरुप मिलाउन आवश्यक भएकोले कम्पनीको ठेगाना परिवर्तन भएको कुरा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा समेत उल्लेख गरी मिलाउनु पर्ने भएकोले सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्न प्रस्ताव गरिएकोमा उक्त प्रस्ताब सर्वसम्मतिबाट पारित गरियो ।स्वीकृत भएको प्रवन्धपत्रमा संशोधन अनुसूचि १ मा संलग्न छ ।

तत्पश्चात कम्पनी सचिवले यस सातौ वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची माथी छलफल तथा निर्णय भै सकेको व्यहोरा सभा समक्ष जानकारी गराउँदै सभा समापनका लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

३. **साधारण सभा समापन भएको घोषणा :**

अध्यक्षज्यूले शेयरधनी महानुभावले सुझाव/सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा धन्यवाद दिंदै शेयरधनीको सल्लाह, सुझाव अनुसार कम्पनीले आफ्नो कार्य गर्दै जाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारुरुपले संचालन गर्न सहयोग गरिदिनु भएकोमा पुनः सबैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नु भयो ।

(सुशान्त वास्तोला )
कम्पनी सचिव

(मनोज सिल्वाल)
अध्यक्ष

## अनुसूचि १ कम्पनीको प्रबन्धपत्रमा संशोधन

(तीन महले)

| साविकको व्यवस्था | हाल कायम गर्नुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **६(ङ)(१) समुह "क" मा देहाय बमोजिमका संगठित संस्था ५१%**<br>(अ) चिलिमे जलविद्युत कम्पनी लिमिटेड- ३८%<br>(आ) नेपाल विद्युत प्राधिकरण -१०%<br>(इ) रसुवा जिल्लाको जि.वि.स./गा.वि.स. - ३% | **६(ङ)(१) समुह "क" मा देहाय बमोजिमका संगठित संस्था ५१%**<br>(अ) चिलिमे जलविद्युत कम्पनी लिमिटेड- ३९.३६%<br>(आ) नेपाल विद्युत प्राधिकरण - १०.३६%<br>(इ) रसुवा जिल्लाको जि.वि.स./गा.वि.स. -१.२८% | शेयरधनी जि.बि.स./गा.वि.स.बाट प्रबन्ध पत्र को दफा ६ मा भएको व्यवस्था अनुसार ३% शेयर बापत बुझाउनु पर्ने रकम तत्कालिन जि.बि.स तथा तत्कालिन गा.वि.स.हरु बाट प्राप्त हुन नसकी शेयर बापत प्राप्त हुन बाँकी रकमरु.६,२७,८७,९००।०० संस्थापक शेयरधनी चिलिमे जलबिद्युत जलबिद्युत कम्पनी लि. कम्पनी र ने.बि.प्रा.बाट प्राप्त गरी शेयर बाँडफाँड गरिएकोले सोही अनुसार सेयर संरचनामा संशोधन गरी मिलाउन आवश्यक भएको। |

| | | |
|---|---|---|
| दफा २: कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः (१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३३ ज्ञानेश्वर। | दफा २: कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः (१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगंज। | विगत १.५ वर्ष देखि यस कम्पनीको प्रशासनिक एवं आर्थिक लगायतका कारोबारहरु काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३, महाराजगंज स्थित कार्यालयबाट संचालन भइरहेकोले सोही अनुरुप ठेगाना परिवर्तन गर्न प्रबन्धपत्रमा संशोधन गर्न आवश्यक भएको। |